बिर्तामोड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड झापा, १ नं प्रदेश नेपाल

# आन्तरिक आय संकलनको लागि बोलपत्र आव्हान गरिएको सूचना

*दोस्रोपटक प्रकाशित मिति २०७९/०५/१६*

स्थानीय सरकार संचालन ऐन २०७४ तथा बिर्तामोड नगरपालिका आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त कार्यविधी २०७७ को दफा ३ बमोजिम बिर्तामोड नगरपालिकाले आ.व.०७९/८० को लागि बार्षिक उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानुन बमोजिम ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोे हुँदा इच्छुक, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित शर्त बमोजिमको समयमा बोलपत्र विद्युतिय माध्यमबाट (इ-विडिङबाट) खरिद तथा दाखिला गर्न सम्बन्धित सँबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक बार्षिक (भ्याट बाहेक) | बोलपत्र/ दस्तुर | कैफियत |
|---|---|---|---|---|
| BTMMUN–REVENUE–NCB–41–078–79 | विज्ञापन कर | २०,००,५००/- | ३०००/- | प्रत्येक आर्थिक वर्ष कबोल अंकको आधारमा १० % वृद्धि गरी तीन आर्थिक वर्षको लागि ठेक्का रकम कायम हुनेछ। |

शर्तहरु :

१. इच्छुक बोलपत्रदाताले नागरिकताको प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७७ ०७८ को कर चुक्ता प्रमाणपत्र पेश गरी इ-विडिङबाट १५ औ दिन बोलपत्र कार्यालय समय भित्र फारम खरिद गर्नुपर्नेछ।

२. खरिद गरिएको बोलपत्र भरी १६ औं दिनको १२ बजे भित्र इ-विडिङ मार्फत दाखिला गरिसक्नु पर्नेछ। इ-विडिङमा पर्न आएका बोलपत्रहरु सोही दिनको २:०० बजेपछि बोलपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र फारममा कबोल अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएमा केरमेट भएको ठाँउमा बोलपत्रदाताले स्पष्ट सहिछाप गरेको हुनुपर्नेछ।

४. बोलपत्र फारम खरिद बापतको रकम यस कार्यालयको एन. आइ. सि. बैङ शाखा बिर्तांबजार हि.न २४६२०५००२८३५४००२ को आन्तरिक राजश्वर खातामा जम्मा गरेको सक्कलै बैंक भौचर विद्युतीय माध्यमबाट पेश गर्नुपर्नेछ।

५. बोलपत्रमा उल्लेखित कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी बापत यस कार्यालयको एन.आइ. सि. बैंक शाखा बिर्तांबजारको हि.न २४६CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट मान्यताप्राप्त क वर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० (एक सय बिस) दिन म्याद भएको बिडबण्ड बोलपत्रसाथ दाखिला गर्नुपर्नेछ।

६. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा बिर्तमोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ।

७. विज्ञापन करको ठेक्का अवधि आ.व. २०७९/०८० देखी ३ आर्थिक बर्ष आ.व. २०७९/०८०,२०८०/०८१ र २०८१/०८२ को रहने छ। तर सम्झौता प्रत्येक वर्षको जेठ मसान्त सम्ममा निवकरण गर्नुपर्नेछ। पहिलो बर्ष बैङ ग्यारेन्टी पेश गरी सम्झौता गर्दा तीन आर्थिक बर्षकै पेश गर्नुपर्नेछ।

८. शर्त राखि पेश गरेको रीत नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कुनै प्रकारको कारबाही हुने छैन।

• ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण इ-विडिङ तथा नगरपालिकाको वेबसाइट माफर्त प्राप्त गर्न सकिनेछ। बोलपत्रदाताले उक्त सबै शर्तहरु पूरा गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

ङ-४, झापा। फोन : ०२३-५३५०२८। Gmail : ijalaasdally@gmail.com।
धि : ९८५२६३५०२८/ सम्पादक : प्रदीप परियार